| S. N. | Contract Identification No. | Brief description of the Works | T.Estimated Amount (with Vat & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | AKC/BANKE/NCB/WORK/AKC.BLG/079-080/01 | Construction of Agricultural Knowledge Centre Residential Building, Nepalgunj Banke | 4999298.64 | 3000.00 | 125000.00 |

2. All bidders shall only submit their bid electronic and bids must be submitted through PPMO's e-GP system *www.bolpatra.gov.np/egp* on or before 12:00 hour on **2079/11/11**. For more detail information at 081-520225/520027 within office hour or download the Bidding Document.

**Office chief**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BANANA COFFEE SHOP TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७९/१०/०८ LT. No 279842 चलानी नं. ६०१९५३७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Labor | 2 | 0 | 1200 | ४१,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १७ गते (31st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SUPERB SOLUTIONS Recruitment Solutions

श्रम ईजाजत नं. २६४/०५८/०५९

**SUPERB SOLUTIONS Pvt.Ltd.**

P.O.Box: 2770, Kalimatidole, Kathmandu, Nepal. Tel: +977-1-4495108, 4461243, Fax: +977-1-4498210

Mobile No. 9851324654, 9812355544, 9851077524



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GALAXY CLEANING & MAINTENANCE COMPANY W.L.L

पूर्व स्वीकृति मिति २०७९/१०/०८ LT. No. 279877 चलानी नं. ६०१९५४१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १७ गते (31st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60

P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977-1-4468734, 4104243

Fax: +977-1-4460562, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HYPER PETSCENTRE (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/०९ LT. No. 276129 चलानी नं.६०१९२२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Keeper | 18 | 0 | 1500 | ४५,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १७ गते (31st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ROI

Govt. License 539/061/062

**Richhood Overseas Inc. Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,

Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EDITION ACHIEVEMENT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०९ LT. No.279865 चलानी नं. ६०१९५४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Sector | 3 | 0 | 1500 | ४५,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SCY TECHNOLOGY SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/१०/०९ LT. No.279890 चलानी नं. ६०१९५४२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४५,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १७ गते (31st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ८९८/०६७/०६८

Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAJ SOHAG CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०७९/१०/०९ LT. No. 279958 चलानी नं.६०१९५५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 1 | 0 | 1000 | ३४,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १७ गते (31st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aarambha H R Services Pvt.Ltd**

Govt.Lic. No. 1241/074/075

Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044

E-mail : mail@aarambhahr.com, info@aarambhahr.com

Website : www.aarambhahr.com


लालझाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आय सम्बन्धी बोलपत्र आह्वानको सूचना

(पुनः प्रकाशित मितिः २०७९/१०/१०)

आ.व. २०७९।०८० का लागि यस लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने प्राकृतिक स्रोत कर संकलन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालयबाट निर्धारित शर्तहरुको अधिनमा रही २०७९/१०/२५ गते दिनको १२ बजे भित्र यस कार्यालयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल बिद्युतिय खरिद प्रणाली **www.bolpatra.gov.np/egp** को माद्यमबाट विद्युतीय प्रति दर्ता गरि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठे.नं. | बोलपत्रको नाम | न्यूनतम कबोल रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|
| LAL/REV/NCB/079/080-02 | लालझाडी वडा नं.३ भित्र पर्ने दोदा नदीका घाटहरूको नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा व्यवस्थापन ठेक्का | ११,५३,२९०.८० | कबोल अंकको ५% | २०७९/१०/२५ १२:०० बजे | २०७९/१०/२५ १४:०० बजे |
| LAL/REV/NCB/079/080-03 | लालझाडी वडा नं.४ भित्र पर्ने दोदा नदीका घाटहरूको नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा व्यवस्थापन ठेक्का | ३६,८२,०९१.३६ | | | |
| LAL/REV/NCB/079/080-04 | लालझाडी वडा नं.५ भित्र पर्ने दोदा नदीका घाटहरूको नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा व्यवस्थापन ठेक्का | २४,११,५५७.६८ | | | |

विस्तृत जानकारी यस कार्यालयको *Website: www.laljhadimun.gov.np* तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको *Website: www.bolpatra.gov.np* मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### पुस्तक अभावको समस्यामा गम्भीर बन

**'किसानलाई मल र विद्यार्थीलाई पुस्तक अभाव भइरहन्छ भने देशले कसरी विकास र समृद्धिका सपना पूरा गर्न सक्ला'**

**यो भनाइ राष्ट्रिय सभाअन्तर्गतको दिगो विकास तथा सुशासन समितिकी सदस्य शारदादेवी भट्टको हो। सोमबार समितिको बैठकमा सांसद भट्टले उठाएको यो प्रश्न मुलुकले वर्षौंदेखि झेल्दै आएको समस्या हो। मुलुकमा जुनसुकै सरकार आए पनि मल र पुस्तकको समस्या हटाउन सकेन। समस्या सुल्झाउने प्रतिबद्धता भने हरेकपटकका मन्त्रीदेखि प्रधानमन्त्रीसम्मले व्यक्त गर्दै आएको छन्। तर, नतिजा शून्य छ। किसानले बाली लाउने बेलामा कहिल्यै मल पाउँदैनन्। बालबालिकाले परीक्षा दिने दिनसम्म पुस्तक पाउँदैनन्।**

**संसदीय समितिले सोमबार आगामी शैक्षिक सत्रमा समयमै सबै विद्यालय र विद्यार्थीलाई पाठ्यपुस्तक पुर्‍याउने सुनिश्चितता गर्न निर्देशन दिएको छ। नयाँ शैक्षिकसत्र सुरु हुनुअघि नै दिइएको यो निर्देशन सकारात्मक छ। तर, यस्ता निर्देशन पटक–पटक दिइँदै आए पनि कार्यान्वयन हुन सकेको छैन। त्यसैले यसपटकको यो निर्देशन कार्यान्वयन हुनेमा आशंका कायमै छ। आशंका हुनु पनि स्वाभाविकै हो।**

**भर्खरै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको जिम्मेवारीमा शिशिर खनाल आएका छन्। उनी यसैपटकको निर्वाचनबाट उदाएको दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हुन्। खनालले पनि सोमबारको बैठकमा पुस्तक अभाव हुन नदिने प्रतिबद्धता जनाए। संसदीय समितिको निर्णय कार्यान्वयन नभइ विद्यार्थी अन्यायमा पर्ने अवस्था हुन नदिनेमा मन्त्रालय सहज र सचेत रहने विश्वास व्यक्त गरे। उनको प्रतिबद्धता कति कार्यान्वयन होला, त्यो हेर्न बाँकी नै छ।**

**त्यसो त मन्त्रालयका पदाधिकारीहरूले पाठ्यपुस्तक छपाइसम्बन्धी कार्ययोजना प्रस्तुत गर्दै आगामी शैक्षिक सत्रमा पाठ्यपुस्तकको अभाव हुन नदिने प्रतिबद्धता जनाए। पाठ्यपुस्तक छपाइका लागि आवश्यक जनशक्ति र उपकरण सहज भए पनि सार्वजनिक खरिद प्रक्रियालगायतका कारण कागज खरिदमा समस्या उत्पन्न हुँदै आएको मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले बताए।**

**आगामी शैक्षिक सत्रका लागि देशभर रहेका कक्षा १ देखि कक्षा ३ सम्म रंगीन ठूलो आकार, कक्षा ४ देखि कक्षा १० सम्म चार रङमा पाठ्यक्रम छपाइ भइरहेको जानकारी दिइयो। कक्षा ९ र १० का ऐच्छिक विषय तथा कक्षा ११ र १२ का पाठ्यपुस्तक श्वामश्वेत छपाइ गरी वितरण गर्ने योजना रहेको समितिलाई जानकारी गराइयो। आगामी शैक्षिक सत्र २०८० का लागि आवश्यक पर्छ। जसमा करिब दुई करोड ४० लाख थान पुस्तकमध्ये करिब ५० लाख छपाइ मौज्दात रहेको बताइएको छ। बाँकी एक करोड ६७ लाख पुस्तकका लागि दैनिक दुई लाख ५० हजारका दरले छपाइ गर्न दैनिक २० घण्टामा मेसिन सञ्चालन गर्ने कार्ययोजना प्रस्तुत गरियो।**

**वर्षौंदेखिको यो समस्या समाधानमा प्रतिबद्धताले मात्रै काम गर्दैन। प्रतिबद्धता कार्यान्वयन आजको आवश्यकता हो। नयाँ सरकार र मन्त्रीलाई अब प्रतिबद्धता कार्यान्वयन नगर्ने छुट छैन। बालबालिकाको हातमा समयमै पाठ्यपुस्तक पुर्‍याउनेगरी काम गर्नुपर्ने चुनौती छ। उक्त चुनौतीलाई सामना गर्दै नतिजा देखिने काममा वर्तमान सरकार र विभागीय मन्त्रीको ध्यान जान जरुरी छ। अन्यथा, सांसद भट्टले भनेजस्तै पुस्तक अभाव नै भइरहे मुलुकको विकास र समृद्धिका सपना अपूरो रहने निश्चित छ।**

## मनन्योग्य

### चाणक्य नीति

यसपछि कुलपुरोहितले विधिपूर्वक राज्याभिषेक गरे। हपका तालीसहित राष्ट्रगीत गाइयो। त्यसपछि आ-आफ्ना सामर्थ्यअनुसार उपहार दिने क्रम चल्यो।

हीरा पन्ना, मोती, माणिक्य, हात्ती, घोडा, कालीगढीको अदभूत सर्वोत्तमः नमुना उत्तम वस्त्र श्रद्धापूर्वक दिइने भेटले आंगन भरियो। घोषणा गर्नेल भेट चढाउने सोमदत्तको नाम पुकारेपछि उसले आफू आसनबाट उठी पहिले आफ्नो परिचय काश्मीरी व्यापारीका रूपमा दियो र भन्यो- 'म मगध सम्राटको सेवामा एक अनुपम उपहार अर्पण गर्दैछु जुन अहिले मणिमाणिक्य र अमूल्य मोतीबाट लिनेछु जसले वास्तवमा महाराज र दरबारियालाई अवश्य आकर्षित गर्नेछ।'

सोमदेवले चारैतिर चारैतिरबाट ढाकिएको डोलीको पर्दा हटायो। त्यो हटेपछि त्यसबाट एक विश्वमोहिनी युवती बाहिर निस्की। पूर्णयौवना सुन्दरी निलो साडीमा सेतो मोतीको मानाने सुशोभित सुन्दरी देख्ने दिनलाई जति सबै भएर किंकर्तव्यविमूढ भए उसका रूप एवम् लावण्यले सम्पूर्ण एक अज्ञात सम्मोहनमा परे।

सबैको सम्मोहन सोमदेवका स्वरले भंग भयो। यी परम सुन्दरीलाई म आफ्नो तर्फबाट महाराजालाई उपहार चढाउँछु। कोइलीको जस्तो मला भएकी यी सुन्दरी नाना किसिमका नृत्यमा उत्कृष्ट भएकीले हरेक दृष्टिकोण महाराजको दरबारको शोभा बढाउनेछिन्।

सबैतिरबाट अद्वितीय उपहारको प्रशसामा वाह-वाहको स्वर सुनिन चन्द्रगुप्त पनि यी सुन्दरी प्राप्तिको हर्ष लुकाउन सकेनन्। उनका मुखबाट उत्ताउलोपना प्रकट भइरहेथ्यो तर आचार्य चाणक्य भने कतै अर्कै दुनियाँमा थिए।

अचानक चाणक्यले उठ्दै त्यहाँ उपस्थित सबैतिर हेर्दै गम्भीर स्वरमा भने- 'हामी तिम्रा उपहारले प्रसन्न छ। वस्तुत तिम्रो यो उपहार आजका सबै उपहारभन्दा अनौठो छ, हामी यसलाई सहर्ष स्वीकार गर्दछौं।' क्रमशः

# 'आँखा उपचारमा विश्वकै प्रमुख गन्तव्यस्थल बनाउन सकिन्छ'



**डा. सन्दुक रुइत**, वरिष्ठ नेत्ररोग विशेषज्ञ

नेपालले गर्व गर्नलायक व्यक्तित्व हुन्, **डा. सन्दुक रुइत**। मोतीबिन्दुका कारण नेत्रज्योति गुमाउँदा अन्धकारमय जीवन बिताउन विवश लाखौं नेपालीको आँखा देखाइदिएका उनले विश्वका अन्य मुलुकहरूमा पनि गएर सेवा गरेका छन्। विश्व समुदायमा नेपालको नाम चिनाउन त्यो पनि चिकित्सा प्रविधिमा उनले पुर्‍याएको योगदानलाई सबैले उच्च प्रशंसा गर्नैपर्छ। मोतीबिन्दु उपचार गर्ने सरल विधि (इन्ट्राअकुलर लेन्स) हो विकास गरेर अन्धोपन हटाउन खेलेको भूमिकाको योगदान गर्दै हालै उनलाई अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गरिएको छ। बहराइनका राजा सेख हमद विन इसा अल खालिफाले सन् २००९ मा पूर्वराजा सेख इसा बिन सलमान अल खालिफाको नाममा स्थापना गरेको 'इसा अवार्ड फर सर्भिस टू ह्युमानिटी' संस्थाले उनलाई 'इसा अवार्ड'बाट सम्मानित गरेको छ। पुरस्कारको राशि १० लाख अमेरिकी डलर रहेको छ। प्रस्तुत छ उनीसँग *राससका* समाचारदाता *शरद् शर्मा*ले गरेको कुराकानीको अंशः

**तपाईंले हालै अन्तर्राष्ट्रियस्तरको पुरस्कार पाउनुभएको छ, ठूलो राशिको पुरस्कार पाउँदा कस्तो महसुस गर्नुभएको छ ?**

मलाई यो अवार्ड पहिलोचोटि पाएको खबर सुन्दा विश्वास पनि लागेन। पुरस्कारका लागि मैले नाम दर्ता पनि गरेको थिइनँ। पछि निर्णायक टोलीले नै नाम राखेछ। नेपालमा बसेर काम गरिरहेको मान्छेले यत्रो ठूलो अन्तर्राष्ट्रिय पुरस्कार पाउनु मेरा लागिभन्दा पनि देशकै गौरवको कुरा हो। पुरस्कारले मेरो जीवनभरिको लामो तपस्याको (३५ वर्ष) गरेको कामको संसारमा कुनै संस्थाले सम्झेकामा गौरवको अनुभव भएको छ।

**पुरस्कारको प्राप्तिको श्रेय कसलाई दिनुहुन्छ ?**

तिलगंगा आँखा अस्पतालका मेरा सहपाठीलाई यसको पहिलो श्रेय दिन्छु। त्यसपछि मेरो परिवार र यतिका वर्षदेखि मलाई विश्वास गरेका बिरामीहरूलाई श्रेय दिन चाहन्छु। केही मात्रामा मेरा अन्तर्राष्ट्रिय साथीहरूलाई यसको श्रेय जान्छ।

**आफ्नो कुन कामका लागि यो पुरस्कार दिइएको हो भन्ने लाग्दछ ?**

मलाई के लाग्छ भने अन्धोपन निवारणमा मैले खेलेको भूमिकाको कारणले पुरस्कार प्रदान गरिएको हो। नेपालजस्तो ठाउँबाट संघर्ष गरेर आँखाको इन्ट्राअकुलर लेन्सको प्रणालीको विकास गरेबापत प्रदान गरिएको हो। अन्धोपन निवारण गर्न नेपालबाहिर अरू देशमा पनि हामीले सीपको विकास गरेका छौं। यो पुरस्कार अन्तर्राष्ट्रिय योगदान नगरीकन दिइँदैन। पुरस्कारमा नै अन्तर्राष्ट्रियरूपमा प्रभाव पारेको हुनुपर्दछ भन्ने लेखिएको थियो। पछाडि परेका समुदायमा पनि पहुँच, सर्वसुलभ तरिकाले पुगोस् भन्ने हिसाबले पनि हेर्ने गरिन्छ। यी विभिन्न मापदण्डहरू पूरा भएका कारण नै मलाई पुरस्कृत गरिएको हो।

**अन्धोपन निवारणमा तपाईंले कस्तो खालको लेन्स बनाउनुभएको थियो नि ?**

हामीले आधुनिक मोतियाबिन्दुको शल्यक्रियालाई सरलीकरण गर्‍यौं। मोतियाबिन्दुको शल्यक्रियालाई सरलीकरण गरेर देशबाहिर हामीले पुर्‍याएका छौं। त्यस्तै हामीले 'इन्ट्राअकुलर लेन्स'को विकास पनि गरेका छौं। तिलगंगामा आँखामा हाल्ने लेन्स अन्तर्राष्ट्रियस्तरको 'इन्ट्राअकुलर लेन्स' हो। त्यो लेन्स सुरु गर्दा सन् १९९० सुरुमा अमेरिकालगायत विदेशबाट बनेर आउने गर्दथ्यो। यसको मूल्य एक युनिटकै २०० डलरजति पर्ने गर्दथ्यो। त्यसैले यो सर्वसाधारणको पहुँचमा थिएन। हामीले यहाँ छ/सात वर्षमा धेरै मिहेनत गरेर उत्पादन गर्न थाल्यौं। त्यो लेन्सको दामलाई हामीले पाँच डलरभन्दा कममा झार्न सक्यौं। त्यो झार्नेबित्तिकै धेरै आँखाका बिरामीले सेवा पाएका छन्। लेन्स एकदमै विशेष खालको प्लास्टिकको सामग्री हो। यो आँखामा राखिसकेपछि (इनप्लान्ट गरेपछि) मोतियाबिन्दुको शल्यक्रियापछि मोटो चस्मा लगाउनु पर्दैन। यसले आँखाको नजरलाई मोतियाबिन्दुको शल्यक्रियापछि राम्रो देख्नमा मद्दत गर्दछ। यसरी हामीले तिलगंगामा नै लेन्स उत्पादन गर्दछौं। बाहिर पनि उत्पादन हुन्छ।

**तपाईंले अन्धोपन हटाउनका लागि चलाउनुभएको अभियान कहाँ पुग्यो ?**

हो हामीले विश्वमा नै अन्धोपनबाट हटाउनका लागि अभियान सञ्चालन गरेका छौं। आज अफ्रिका, एसियाका विकासोन्मुख देशहरूमा नेपालमा विकास गरेको मोतीबिन्दुका शल्यक्रियाको प्रणाली निकै प्रयोगमा आएको छ। हामीले त्यहाँका चिकित्सकलाई पनि तालिम गराएका छौं। विश्वमा नै अन्धोपनबाट हटाउने अभियानअन्तर्गत वर्षमा ७० हजारदेखि एक लाख मानिसलाई आँखा देख्नसक्ने बनाएका छौं। हामीले घाना, इथोपियालगायत देशमा अभियान सञ्चालन गरिसकेको छौं भने इण्डोनेसिया र लाओसलगायत देशमा गर्ने तयारीमा छौं। ती देशमा हामीले अन्धोपन हटाउन गरेको प्रणालीका बारेमा अवगत गराएका छौं। नेपालमा पनि ग्रामीण भेगमा गएर अन्धोपन निवारणका लागि विभिन्न शिविरहरू सञ्चालन गरिएका छन्।

**नेपालमा अन्धोपनको समस्या खासगरी कुन क्षेत्रमा धेरै रहेको छ ?**

खासगरी ग्रामीण र विपन्न समुदायमा अन्धोपनको समस्या बढी रहेको छ। अज्ञानता र गरिबीले गर्दा आँखाको ज्योति फर्काउन सकिन्छ भन्ने थाहा नपाउने धेरै मानिस छन्। खासगरी कर्णाली प्रदेशमा यो समस्या अझ धेरै रहेको छ। त्यसैले हामीले सुर्खेत आँखा अस्पतालसँग मिलेर कर्णालीका विभिन्न ठाउँमा शिविर सञ्चालन गरेर वर्षौंदेखि मोतीबिन्दुका कारण अन्धोपनमा रहेका धेरैलाई पुनः देख्न सक्ने बनाएका छौं।

**नेपालबाट अन्धोपन हटाउनका लागि अभियानलाई सफल तुल्याउन राज्यले के गरिदिओस् भन्ने लाग्दछ ?**

देशबाटै अन्धोपन निवारण गर्ने कुरा एउटा व्यक्ति वा संस्थाको प्रयासबाट मात्रै सम्भव नहुने हुँदा यसमा सरकारको सहयोग आवश्यक हुन्छ। हामीसँग ज्ञान र प्रविधि भएकाले सरकारसँग हातेमालो गरेर अगाडि बढ्न तयार छौं। हामीले यहाँ बनाएको लेन्सलाई नेपालमा प्रयोग गर्नका लागि सहज वातावरण बनाइदिन सरकारसँग हाम्रो आग्रह हो। प्रमाणीकरण नगरीकन बाहिरका लेन्स गैरकानुनी तरिकाले गरेर यहाँ आइरहेका छन्। त्यसले एकातिर विदेशी मुद्रा बाहिर गएको छ भने अर्कोतिर गुणस्तरहीन सामग्रीको प्रयोगले आँखाजस्तो संवेदनशील अंगमा जथाभावी प्रयोग हुनु गम्भीर कुरा पनि हो।

अझै पनि विपन्न र पछाडि परेका समुदायका मानिसमा अन्धोपनको समस्या धेरै छ। उनीहरूलाई आँखा देख्न सक्षम बनाउनु चुनौतीपूर्ण छ। सरकारले लेन्सको उत्पादन बढाउनका लागि अलिकति आर्थिक सहयोग (फण्ड) गरेमा ती विपन्न वर्गका मानिसलाई सेवा दिन सकिन्थ्यो। लेन्सलाई देशको नमूना बनाएर नै हामी उत्पादन गर्दछौं। लेन्सका लागि कच्चापदार्थ बाहिरबाट ल्याउनुपर्ने हुन्छ। लेन्सका हामीले धेरै नै उत्पादन गर्न सक्छौं। अहिले वर्षको तीन लाख उत्पादन गरिरहेका छौं भने सरकारले सहयोग गर्‍यो भने १५ लाख उत्पादन गर्न सकिन्छ। नेपालमात्र नभएर बाहिर पनि पठाउन सक्छौं। त्यतिबेला लेन्स निर्यातयोग्य वस्तु बनाउन सकिन्छ।

**आँखाको उपचारको क्षेत्रमा नेपाल विश्वका कति औं स्थानमा रहेको छ ?**

अहिले त्यो भन्न गाह्रो हुन्छ। नेपालमा आँखाको सेवा पहिलेभन्दा धेरै नै विकसित भएको छ। तैपनि अझै ठूलो संख्यामा मानिसहरू मोतीबिन्दुलगायत आँखाको सामान्य रोगबाट पनि अन्धकारमय जीवन व्यतीत गर्न विवश छन्। आँखा उपचारको सेवा ग्रामीण क्षेत्रसम्म विस्तार गर्न सकेका छैनौं। हामीकहाँ आँखाको उपचार सेवा सरल र सुलभ रहेको छ। यसको गुणस्तर पनि राम्रो छ। गुणस्तर राम्रो भएकाले नै विश्वका विभिन्न देशबाट नेपालमा आँखा उपचारका लागि आउने गर्दछन्। नेपाललाई आँखा उपचारमा विश्वकै प्रमुख गन्तव्यस्थल बनाउन सकिन्छ भन्ने मेरो आत्मविश्वास छ।




# 'चौतर्फी घेराबन्दीमा मेयर बालेन्द्र ! ॐ शान्ति...'

पछिल्लो समय सामाजिक सञ्जालका कारण मानिसहरू निकै नै चर्चामा देखिन्छन्। लुकेका प्रतिभादेखि दलबाट प्रताडित भएका राजनीतिकर्मी सामाजिक सञ्जालमा 'भाइरल' हुने रोग नै लागेको देखिन्छ। सामाजिक सञ्जालकै कारण विश्वभरका व्यक्ति फरक-फरक कारण कोही सकारात्मक चर्चामा छन् कोही नकारात्मक चर्चामा छन्।

सामाजिक सञ्जालमा 'भाइरल' हुनु र काम गरेरै चर्चामा आउनु फरक कुरा जस्तै भएको छ। सहरमा यतिखेर काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र शाहको बढी चर्चा हुन थालेको छ। त्यसो त उनी अहिले मात्र होइन, विगतदेखि नै चर्चामा थिए। उनी स्वतन्त्ररूपमा महानगर प्रमुख निर्वाचित भएका कारण चर्चामा छन् भन्ने कुरा धेरै अबुझ मटयाङ्ग्राहरूले भन्ने कुरा हो।

वास्तवमा भन्ने हो भने स्थानीय तहको निर्वाचनअघि नै उनी निकै चर्चित व्यक्ति हुन्। नेपाली सांगीतिक क्षेत्रको 'र्‍याप' क्षेत्रमा निकै नै संघर्ष र योगदान गरेका कारण स्वदेशमा रहेका नेपाली युवाहरूमाझ मात्र होइन विदेशमा रहेका नेपालीहरू माझ पनि उत्तिकै लोकप्रिय व्यक्ति हुन्।

नेपालमा हुने गरेको भ्रष्टाचार अन्त्य गर्नका लागि सांगीतिक क्षेत्रबाट उठाएका आवाजहरूका कारण हरेक नेपालीहरूमाझ लोकप्रिय छन् उनी। 'केटाकेटी आयो मटयाङ्ग्रा खेलायो गुलेलीको सत्यानाश' भनेजस्तै बालेन्द्रलाई हेर्ने दृष्टिकोण हिजो पनि सकारात्मक नै थियो र अहिले पनि सकारात्मक छ। सोही कारण काठमाडौं जस्तो देशको राजधानीको सहर काठमाडौं महानगरको प्रमुखका रूपमा महानगरबासीले अत्यधिक मतले जिताए।

महानगरवासीहरूले दिएको त्यत्ति धेरै मतको कदर गर्दै अस्तव्यस्त काठमाडौंलाई परिवर्तन गर्नुपर्ने जिम्मेवारी छ। त्यो जिम्मेवारी पूरा गर्नका लागि मेयर साहले मात्र गर्न खोजेर पनि हुँदैन। मेयरसँगै रहेका ३२ जना वडा अध्यक्ष १२८ जना सदस्यहरूको पनि उत्तिकै जिम्मेवारी छ। एउटा पालिकाको प्रमुख असफल हुँदा सिंगो पालिका नै असफल हुन्छ। एउटा मन्त्री असफल हुँदा मन्त्रालय र मातहतका सम्पूर्ण निकाय असफल हुन्छ, देशको प्रधानमन्त्री असफल हुँदा एउटा देश नै असफल हुन्छ भन्ने कुरा मटयाङ्ग्राहरूले ख्याल गर्नु पर्ने हो तर त्यस्तो देखिएको छैन।

'स्वतन्त्र' रूपमा निर्वाचित भएर आएका बालेन्द्र साहलाई असफल बनाउने योजनामा देशका राजनीतिक दलहरू छन्। बालेन्द्र मेयर भएर आएपछिको डोजर काण्डलाई धेरैले साथ दिएका छन्। तर, त्यही डोजर काण्डको नाम दिएर काम गर्न नदिने प्रपञ्च पनि भएको देखिन्छ। बालेन्द्र जति राम्रो काम गर्छन्, दलहरूलाई त्यत्तिकै घाटा पर्छ भन्ने उनीहरू बुझेका छन्। त्यसकारण पनि यतिखेर महानगरका प्रमुखले गरेको कामप्रति 'मुटुमाथि ढुंगा' राखेर हाँस्ने पनि छन्। कसरी हुन्छ बालेन्द्रलाई असफल बनाउने भन्ने षडयन्त्रका तानावाना त सुरुदेखि नै बुन्न थालेको हो। कहिले निर्वाचन त कहिले कुन बहानामा 'मौनम् स्वीकृतम्' भनेजस्तो नगरेको पनि होइन।

एउटा जोश, जाँगर बोकेर सहरको मुहार फेर्न कस्सिएको युवालाई असफल बनाउने प्रयास गरिँदै छ। घेराबन्दीमा पारिँदै छ भन्ने कुराको पुष्टि नै भएको छ। काठमाडौं महानगरपालिकाको माघ ६ गतेको नगरसभामा नगरसभा सदस्य हिरादेवी पोखेलेले जो एमालेका तर्फबाट तेस्रो कार्यकालका लागि जनप्रतिनिधि हुन्। उनले सो नगरसभाको प्रत्यक्ष प्रशारणमा दिएको अभिव्यक्तिले दलहरूले हिजोदेखि चालिरहेको कदमको अंश हो कि भन्ने मटयाङ्ग्राहरूले अनुभूति गरिरहेका छन्।

हुन त तिहारताका सिस्नुपानी देउसीमै हास्यव्यंग्यकारहरूले भटयाएका थिए, 'महानगरका प्रमुख बालेन्द्र, पाइला राम्रोसँग चालेन्द्र' जुनबेला सहरमा चर्चा डोजर कै थियो। गैरकानुनीरूपमा, शक्तिको आडमा नियम मिच्नेहरूका विरुद्ध महानगरका मेयर बालेन्द्र डोजर बोकेरै सडकका खटिएका थिए। त्यसबेला पनि आमनागरिकले ऊर्जा थपिरहँदा केही राजनीतिकर्मीले 'नौटंकी' संज्ञा नदिएका पनि होइनन्।

मटयाङ्ग्राहरूलाई लाग्ला शक्तिको प्रदर्शन ?' कुन्नी एउटा गीतको अंशले भने जस्तो 'तीर्खा लाग्यो पानी खाएँ मैले के विराएँ'। बालेन्द्र मेयर हुन् उनले गैरकानुनी कार्य गर्नेहरूलाई आफ्नो क्षेत्राधिकारमा भएको काम गरे त के बिराए ? सहरलाई कुरूप होइन, सुन्दर बनाउने काम मेयरको हो। पैदलयात्रु हिँड्नका लागि बनाइएको फुटपाथमा पसल थाप्न नदिएर यात्रुलाई हिँड्न सहज भो। जथाभावी पार्किङले सवारी जाम नै जाम भो त्यसैले ९० प्रतिशत छुट लिएर पार्किंग बनाएकाले पसल लगाएर भाडा खाईरहें त्यसलाई हटाइयो, सहर खुल्ला भो।

त्यसो भए मेयर के विराए ? जनताले काम गर्न जिताएर पठाए। उनले खुरु खुरु महानगरवासीहरूले भने जस्तै काम गरे त के बिराए ? चालिसको दशकमा सुन्दर देखिएको बागमती किनारा, अहिले सुकुम्वासीका नाममा कुरूप राजधानी भएपछि ती सुकुम्वासीलाई तीसौं वर्षदेखि चिसोमा कडचाग्रिएर बस्न वाध्य बनाउनेहरूलाई सवक सिकाउनुपर्दछ। कुनै पनि नेपालीको पुस्तौं पुस्ता सुकुम्वासी बन्नुपर्ने अनि त्यही सुकुम्वासीलाई देखाएर हुकुमवासी बन्नेहरूलाई छुट छैन भन्दै तिनलाई व्यवस्थित गर्न खोजे त के बिराए ? बागमतीको पारी फूलका बगैंचा, त्यही बागमतीको वारी झुपडी झिंगटा ! कसले बनायो ? त्यसलाई अन्त्य गर्न खोज्दा किन षडयन्त्र ? के को घेराबन्दी ? सँधै देशलाई गरिवको देशका रूपमा देखाउन घेराबन्दी ?

एमाले होस् वा कांग्रेस, माओवादी होस् वा राजावादी, स्वतन्त्र पार्टी होस् मजदुर किसान पाटी। कसैले पनि सहरको विकास, मुलुकको समृद्धि गर्ने व्यक्तिलाई घेराबन्दी गर्नु राष्ट्र र जनताका लागि नै घात हो। देशको एकीकरण पृथ्वीनारायण शाहले गरे। अब काठमाडौं उपत्यका सहरलाई समृद्ध र उत्कृष्ट सहरका रूपमा एकीकृत विकास बालेन्द्रले गर्ने छन्। हिरादेवीको अभिव्यक्तिलाई सापटी लिँदै आशालाई घेराबन्दी गर्दै निराशामा परिणत गर्नु, सत्कर्मको बाटो तगारो बनेर कुकर्मलाई प्रोत्साहन गर्नु पुस्तौं पुस्ताले धिक्कार्ने कर्म हुनेछ। त्यसैले मनन् गरौं।

*सर्वे भवन्तु : सुखिन : सर्वे सन्तु निरामया :,*
*सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्भवेत्।*
*ॐ शान्ति ॐशान्ति !!*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

# गण्डकीमा घटाइयो मन्त्रालय संख्या

■ प्रभाव संवाददाता

**गण्डकी–** गण्डकी प्रदेश सरकारले मन्त्रालयको संख्या घटाएको छ । यसअघि १२ वटा मन्त्रालय रहेकोमा त्यसलाई घटाएर सात बनाइएको प्रदेश सरकारका प्रवक्ता एवं मन्त्री सीताकुमारी सुन्दासले जानकारी दिइन् ।

उनका अनुसार संख्या घटाएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र कृषि तथा जलस्रोत मन्त्रालय बनाइएको छ ।

मन्त्रालयको संख्या कटौतीसँगै मन्त्रिपरिषद्ले छिट्टै पूर्णता पाउने मन्त्री सुन्दासको भनाइ छ । मन्त्रालयको संख्या कटौती नहुँदासम्म बिनाविभागीय मन्त्रीका रूपमा शपथ लिएका तीन जनामन्त्रीको जिम्मेवारी बाँडफाँट हुन सकेको थिएन ।

गत पुस २५ मा मुख्यमन्त्री खगराज अधिकारीसहित तीन बिनाविभागीय मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका थिए । बिनाविभागीय मन्त्रीका रूपमा नेकपा माओवादी केन्द्रका हरिबहादुर चुमान, नेकपा एमालेबाट सीताकुमारी सुन्दास र राष्ट्रिय प्रजातन्त्र पार्टीका पञ्चराम गुरुङ रहेका छन् ।

# पत्रकार पौडेलको स्मृतिमा अक्षयकोष

**गण्डकी (प्रस)–** नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिका संस्थापक अध्यक्ष स्व. त्रिभुवन पौडेलको स्मृतिमा अक्षयकोष स्थापना गरिने भएको छ । संघका कार्यवाहक अध्यक्ष सोनी शर्माको अध्यक्षतामा सोमबार यहाँ बसेको बैठकले समितिका संस्थापक अध्यक्ष स्व. पौडेलको स्मृतिमा १० लाख रुपैयाँको अक्षयकोष स्थापना गर्ने निर्णय गरेको पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदीले जानकारी दिए ।

पत्रकार महासंघ गण्डकीले पाँच लाख रुपैयाँ तत्काल कोषमा राख्ने र बाँकी पाँच लाख प्रदेशअन्तर्गतका जिल्ला शाखा र शुभचिन्तकसँग समन्वय गरेर जुटाउने उनले बताए । हरेक वर्ष स्वर्गीय पौडेलको स्मृतिमा 'संस्थापक अध्यक्ष त्रिभुवन पौडेल स्मृति पत्रकारिता पुरस्कार' प्रदान गरिनेछ । पुरस्कारका लागि आवश्यक थप कार्यविधि पनि बनाइने जनाइएको छ ।

यसैबीच पत्रकार महासंघ गण्डकीले सोमबार स्वर्गीय पौडेलको निवासमा पुगेर श्रद्धाञ्जलिसभा गरेको छ । श्रद्धाञ्जलिसभामा कावा अध्यक्ष शर्माले गण्डकी प्रदेश मात्र नभई सिंगो पत्रकारिता क्षेत्रमा उनको महत्त्वपूर्ण भूमिका रहेको बताए । पौडेलको माघ १ गते पोखराको सेती नदीको खोंचमा भएको यती एयरलाइन्सको जहाज दुर्घटनामा परी निधन भएको थियो ।

स्व. पौडेल महासंघका केन्द्रीय सदस्य र पत्रकार महासंघ गण्डकीको सल्लाहकार थिए । उनी दुई दशकदेखि पत्रकारिता क्षेत्रमा आबद्ध थिए । उनले पोखरा हटलाइन दैनिक, रेडियो अन्नपूर्ण र नेपाल टेलिभिजनलगायतका मिडियामा काम गरिसकेका थिए । हाल उनी पोखरा हटलाइन दैनिकको प्रकाशक/सम्पादक थिए ।

## संस्थापक शेयर खरिद गर्न चाहनुहुने महानुभावहरुलाई जरूरी सूचना

(प्रकाशित मिति २०७९/१०/१०)

**यस संस्थाका संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्ने इच्छा जाहेर गरी यस संस्था समक्ष निवेदन दिएकोमा उक्त निवेदन संचालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई खरिद बिक्री गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय भएकोले सो संस्थापक शेयर खरिद बिक्रीमा सविकका संस्थापक शेयर धनीहरुलाई प्राथमिकता दिनुपर्ने विद्यमान ब्यवस्था बमोजिम संस्थापक शेयर धनीहरुको जानकारीको लागि ३५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त संस्थापक शेयर खरिद गर्न ईच्छुक संस्थापक शेयरधनीले सो म्याद भित्र निबेदन दिनहुन अनुरोध छ । उक्त भाका भित्र संस्थापक शेयरधनीको शेयर खरिद गर्नका लागि निवेदन प्राप्त नभएमा नेपाल राष्ट्र बैंकबाट दिएको निर्देशन बमोजिम योग्य अन्य व्यक्ती/कम्पनीलाई उक्त शेयर विक्री गरिने भएकोले उक्त शेयर खरिद गर्न ईच्छुक व्यक्ती/संस्थाले संस्थाको प्रधान कार्यालय प्रर्दशनीमार्ग काठमाण्डौमा शेयर खरिद गर्नका लागि निवेदन दिनुहुन अनुरोध छ । साथै बिक्री हुने संस्थापक शेयर संख्या एवं शर्तहरुका सम्वन्धमा सस्थाको मुख्य कार्यालयमा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।**

**RELIANCE FINANCE LIMITED**
रिलायन्स फाइनान्स लिमिटेड
Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
वित्तीय सेवाको अर्को परिभाषा

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **जुपिटर ओभरसिज कन्सन** प्रा.लि. इजाजत प्राप्त नम्बर ४७७/०६०/०६१ मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट मिति २०७९/१०/०८ गतेबाट बर्खास्त गरिएको सबैमा जानकारी गराइन्छ । साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ । यदि गरेमा यस कम्पनी जिम्मेवार हुने छैन छ ।

| सि. नं. | कर्मचारीको नाम | नागरिकता नं. |
|---|---|---|
| १. | कुमारी गुरुङ, बौद्ध ०७, काठमाडौँ | १२९३२ (KA) |
| २. | पार्बती ढकाल, शनिश्चरे-६, मोरङ | १००८/९०५ |
| ३. | सुनिल अधिकारी, खोक्सिन-२, ताप्लेजुङ | ५४९३३/३१९० |
| ४. | समिप लिम्बु, नाल्नु-६, ताप्लेजुङ | ०१-०१-७२-००२१६ |
| ५. | कमला बास्तोला, तोपगाठी ०२, झापा | ०४-०२-७२-०२८८१ |
| ६. | गंगाबहादुर अधिकारी, बाह्रबिसे-संखुवासभा -०८ | १०१००५/१६६ |
| ७. | बबिता थापा, ईटहरी-५, सुनसरी, | ११६४५५ |
| ८. | शिवकुमार लिम्बु, नाल्बु-०६, ताप्लेजुङ | २००६२/२१३३ |
| ९. | चुलप्रसाद श्रेष्ठ, पोखरा-७, कास्की | २१५९ |
| १०. | धनकुमार श्रेष्ठ, दलेगौठा-८, तनहुँ, | १८७ |
| ११. | चहकमान थापा, खोक्सिला-३, ताप्लेजुङ, | ३०४३३/३०६२ |
| १२. | मनिषा बिष्ट, श्रीपुट-४, कैलाली, | ७६-१८-७०-००५१४ |
| १३. | कुन्ती पँण्डे, सर्लाही-४, पखानीपुट, | १९-०२-७६-०३७२२ |
| १४. | छिरिङ डोल्मा शेर्पा,सोलु दुधकुण्ड-०१ | ११-०१-७५-०१२४४ |

**Jupiter Overseas Concern Pvt. Ltd.** श्रम ईजाजत नं. ४७७/०६०/०६१
Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594
E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL BLOUSHI GENERAL CONTRACTING CO.**
पुर्व स्वीकृति मिति २०७९/१०/०८ | LT. No. 279866 | चलानी नं. ६०१९५३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 8 | 0 | 1000 | ३४,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६१,८२५ | | | | | | | |

प्रि- अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १७ गते (31st Jan. 2023) मा हुनेछ ।
फाईनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २२ गते (5th Feb. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैँले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैँले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **BAHAMDOON TRADING COMPANY**
पूर्व स्वीकृति मिति २०७९/१०/०९ | LT. No.279901 | चलानी नं. ६०१९५४५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६१,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shelving Labour | 1 | 0 | 1000 | ३४,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १७ गते (31st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.** श्रम ईजाजत नं. ४४८/०६०/०६१
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
